अंग्रेजी नयाँ वर्षको पहिलो दिन बिहीबार बिहान न्यागीको घोरेपानी पुनहिलबाट सूर्योदय हेर्दै आन्तरिक तथा बाह्य पर्यटक। तस्बिर : रासस

लाइसेन्स कार्ड दिन नसक्ने कस्तो सरकार ?

पृष्ठ ९ बाट

लाइसेन्सका लागि रसिद काटेर शुल्क लिने तर तीन/चार वर्षसम्म कार्ड दिन नसक्ने योधन्दा लज्जा के हुन्छ,' उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष तिमिल्सिनाले भने, 'यसले राज्य अक्षम भएको पुष्टि गर्छ।'

स्मार्ट लाइसेन्स छपाइका लागि आवश्यक कार्ड, चिप तथा अन्य उपकरण विदेशबाट आयात गर्नुपर्ने अवस्था र यहाँको मेसिनको क्षमता पनि कमजोर भएका कारण ढिलाइ भएको सरकारी अधिकारी बताउँछन्। ठेक्का लगाउन बोलपत्र आह्वान हुने र उजुरी पोरे विवाद भएपछि ठेक्का स्थगन भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवप्रसाद शर्मा बताउँछन्। नेपालले थेग्न नसक्ने उच्च प्रविधियुक्त लाइसेन्स दिने निर्णय भएकाले पनि ढिलाइ भएको हो,' शर्माले भने, 'पटकपटक टेन्डर हुँदै स्थगित हुँदै आएको छ।' अत्यावश्यक भएकाका लागि भने तुरन्त दिने व्यवस्था मिलाइएको सचिव शर्माले बताए। जे बहाना देखाए पनि सरकारी अधिकारीको अक्षमताका कारण लाइसेन्स कार्ड वितरणमा ढिलाइ भएको हो।

कात्तिकवता जम्मा नौ हजार कार्ड छापिएका छन्। गत कात्तिक १२ गते विभाग र केन्द्रबिच अति आवश्यक लाइसेन्स कार्ड छाप्ने विषयमा सहमति भएको थियो। उक्त सहमतिअनुसार विभागले केन्द्रलाई लाइसेन्सको पर्याप्तमात्रा रहेका सेवाग्राहीको डाटा उपलब्ध गराउँदै आएको छ। विभागका अनुसार वैदेशिक रोजगारमा जान लागेका कामदार, विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलगायत अत्यावश्यक कार्ड छापेर दिँदै आए पनि प्रतीक्षा सूचीमा रहेका कार्ड पनि दिन सकेको छैन। जेनजी आन्दोलनका क्रममा विभागसँग रहेको लाइसेन्स कार्ड छापे मेसिन तथा सिस्टमसमेत जलेको थियो।

त्यसपछि लाइसेन्ससम्बन्धी सबै काम हाथ भएको थियो। यसबाट वैदेशिक रोजगार तथा विदेशमा अध्ययन गर्न जान लागेको विद्यार्थी गम्भीर मारमा परेका थिए। समस्या टार्न विभागले सुरक्षण मुद्रण केन्द्रसँग सम्झौता गरेर थोरै मात्रामा कार्ड छाप्दै आएको छ।

पहुँचवाला नै प्राथमिकतामा

समावेशी मापदण्डअनुसार समानुपातिक सूचीमा संशोधन गर्न नागरिक समूहको आग्रह

पृष्ठ ९ बाट

राष्ट्रिय स्वतन्त्र पार्टीकी नेत्री तोप्रिया कार्कीले पनि आफ्ने दलले निर्वाचन आयोगमा पेस गरेको समानुपातिकतर्फकोचन्दसूचीमा आपत्ति जनाएकी छन्। उनले समानुपातिक प्रतिनिधित्वमा आफ्नताबाद र नातावादको अन्त्य गर्न माग गरेकी छन्। समानुपातिक अवधारणा भौगोलिक विकटताले ठाउँ पाओस्, पहुँच र शक्तिमा नभएका तर सक्षमहरूले प्रतिनिधित्व पाउन् भनेर राखिएको हो,' उनले सामाजिक सञ्जालमा लेखेकी छन्, 'चन्दसूचीमा विचलनाई पनि ठाउँ दिनुपर्छ। सूचीले कर्णाली बोल्नुपर्छ ,सुदूरपश्चिम बोल्नुपर्छ, गाउँ बोल्नुपर्छ ।' तर व्यवहारमा त्यस्तो नहुँदा समानुपातिक प्रतिनिधित्वको औचित्यमाथि नै प्रश्न उठेको उनले लेखेकी छन्। 'पार्टी नेतृत्वका आफन्त र पार्टीको भाइरल पोस्टमा हुनेहरू नै समानुपातिक सूचीका लागि आकाङ्क्षी हुनु र त्यही आफ्नो स्पेस बनाउनु र बनाइनुले यसको औचित्यमाथि नै प्रश्न गरेको छ' उनले लेखकी छन्।

नेपाली कांग्रेसबाट अर्जुननरसिंह केसीलाई समानुपातिक सूचीमा राखिएकोमा पनि निकै आलोचना भएको छ। यो विषयलाई लिएर पार्टीका महामन्त्री गगन थापाले स्पष्टीकरणसमेत दिनुपरेको छ। 'अर्जुननरसिंह केसीलाई मेरो प्राथमिमा समानुपातिक सूचीमा राखिएको भन्ने हल्ला फैलाइएको रहेछ,' थापाले भने, 'म स्पष्ट रुपमा भन्छु यो मेरो चाहनाविपरीत हो।' नातावाले केसी थापाको ससुरा हुन्।

केसीले भने आफू महामन्त्री थापाको ससुरा भएर अर्जुननरसिंह केसी नभएको र पार्टीमा आफ्नो पनि योगदान रहेको बताएका छन्। 'म गगन थापाको ससुरा मात्रै होइन, म अर्जुननरसिंह केसी हुँ,' उनले भनेका छन्, 'मेरा गुण होलान्, दोष होलान्, मेरा राम्रा नराम्रा सबै पक्ष होलान्। तर मेरो निस्तर संघर्षको इतिहास आफ्ने छ।'

संविधानले परिकल्पना गरेको समानुपातिक निर्वाचन प्रणालीको मर्म र उद्देश्यविपरीत उम्मेदवार चयन गरिएको र यसले समावेशी लोकतन्त्रलाई कमजोर बनाउने चेतावनी

यसैबिच नागरिक समाजका अभिभन्ता, मानव अधिकारकर्मी, युवा तथा सामाजिक व्यापका क्षेत्रमा सक्रिय व्यक्तिहरू आबद्ध नागरिक समूहले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दलहरूले बुझाएको समानुपातिक सूचीप्रति गम्भीर आपत्ति जनाएका छन्।

समूहले जारी गरेको प्रेस विज्ञप्तिमा संविधानले परिकल्पना गरेको समानुपातिक निर्वाचन प्रणालीको मर्म र उद्देश्यविपरीत उम्मेदवार चयन गरिएको र यसले समावेशी लोकतन्त्रलाई कमजोर बनाउने चेतावनी दिइएको छ। 'समानुपातिक प्रणाली महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडिएका वर्ग तथा अन्य अल्पसंख्यक समुदायलाई राज्यसत्तामा अर्थपूर्ण पहुँच दिलाउनका लागि व्यवस्था गरिएको हो तर सार्वजनिक भाएका चन्दसूचीहरू अध्ययन गर्दा उक्त संवैधानिक मर्मलाई बेवास्ता गरिएको स्पष्ट देखिएको नागरिक समूहको ठहर छ', विज्ञप्तिमा लेखिएको छ।

नागरिक समूहका अनुसार विज्ञप्तिमा सताया रहेका दलहरूले समानुपातिक प्रणालीलाई सामाजिक न्यायको स्तम्भ बनाउनुको साटो समानुपातिक उम्मेदवार सूची संविधानले तोकेको समावेशी मापदण्डअनुसार पुनरवलोकन, संशोधन गर्न आग्रह गरेको छ। निर्वाचन आयोगलाई पनि सूची प्रमाणीकरण गर्दा राजनीतिक दबाबभन्दा माथि उठेर सामाजिक न्यायलाई मुख्य आधार बनाउन समूहले आग्रह गरेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (राश्वपा) ले निर्वाचन आयोगमा बुझाएको चन्दसूची सच्याउने भएको छ। राश्वपाले आयोगमा बुझाएको चन्दसूचीलाई लिएर अस्वाभाविक बढेपछि सूची सच्याउने बताएको हो। 'पार्टीले निर्वाचन आयोगमा पेस गरेको समानुपातिक चन्दसूचीका सम्बन्धमा विभिन्न सरोकारवालाबाट प्राप्त प्रतिक्रिया र सुझावप्रति ध्यानाकर्षण भएको छ' सचिवालयको सूचनामा उल्लेख छ, 'समय अभावकाई मध्यनजर गर्दै अन्तिम समयमा गर्नुपर्ने राजनीतिक संवाद र सहमतिका कारण यस प्रक्रियामा केही कमिकमजोरी भए सच्याउन पाइने समयको सदुपयोग गरिने कुरामा सहमत हुँदै सूची पेस भएको हो। चन्दसूचीमा रहेका त्रुटिहरू सच्याउन निर्वाचन आयोगद्वारा दिइएको समय सीमाभित्र पार्टीले केही त्रुटि देखिएमा सुधार गरी समयमै पेस गर्ने जानकारी गराइछ।'

एमाले प्रत्यक्ष उम्मेदवार छनोटमा समानुपातिकको विवाद

पूर्वउपाध्यक्ष गुरुप्रसाद बराल पनि २०५१ का निर्वाचित सांसद हुन्। त्यस्तै समानुपातिक सांसदमा समावेश गरिएका निरुदेवी पाल, कोपल बली, उषाकला राई र शान्ता चौधरीले २०७४ सालपछि एकपटक समानुपातिक सांसदमा अवसर पाइसकेका थिए। त्यस्तै विषमलाल अधिकारी दलुवार र गोरखबहादुर थोगटी पनि प्रत्यक्षतर्फबाट निर्वाचित भइसकेका पूर्वसांसद हुन्।

पहिले ने मन्त्री र सांसद बस्ने अवसर पाइसकेका केडीलाई पुनः समानुपातिकमा अवसर दिए पनि यसपटक नातागोता र आफ्तलाई एमालेले सूचीमा समेटेको छैन। एमालेको निर्वाचन आयोगले संसदमा प्रभावकारी भूमिका खेल्न सक्ने अत्यावश्यकबाहेक केसीलाई पनि नरोहोस्याएको र ९० प्रतिशतभन्दा बढी नयौलाई अवसर दिइएको जनाएको छ। तो १९ जनालाई पार्टी कामका खटाए उनीहरूभन्दा संसदमा अम्बल प्रस्तुति दिन सक्ने युवालाई समेटेको भए पार्टीमा राम्रो सन्देश जाने थियलाई एमालेले ध्यान दिन नसकेको भन्दै पार्टी पंक्तिमा व्यापक गुनासो बढेको छ।

खस आर्य

पद्मा अर्याल, टुकाभद्रा हमाल, निरुदेवी पाल, कोपल बली, सर्वदादेवी सिवाकोटी, एन्जिला थापा, मेतुका कार्की, लता प्रसाईं, सुमुद्रकुमारी बराल, लीलाकुमारी भण्डारी, सानुमैया खड्का, नारायणकुमारी खनाल, प्रभा बराल (पौडेल), क्रान्ति बुर्लाकोटी, कल्पना शर्मा जोशी, विजया घिमिरे, भागिरथी कुमारी चन्द, गुरुप्रसाद बराल, पुष्पराज कँडेल, गोरखबहादुर थोगटी, नरेशप्रसाद पोखरेल, प्रेम पराजुली, पर्शुराम अधिकारी, लालबहादुर महतारा, रामबहादुर थापा (स्याङ्जा), हरिशंकर योगी, बालराम शर्मा, दुर्गीबाहादुर शाही, दीपकबहादुर पौडेल, ठाकेरप्रसाद बरवाल, लालबहादुर रावल, डफकुमार बारतोला, बमबहादुर बिसी।

आदिवासी जनजाति

भ्रमिका लिम्बू सुब्बा, गंगादेवी श्रेष्ठ, अनिता कन्दङ्वा, उषाकला राई, तारादेवी गुरुङ, लक्की शेर्पा, मौसम राई, नरदेवी पुन, भक्तकुमारी लामा, मीना बराम, यमुना घले, मनकुमारी तितुङ, कान्ता राई, शर्मिला गुरुङ, सुमित्रा राजवंशी, हस्सरा राना, रामबहादुर बाया मगर, कुलभक्त शाक्य, सुदृभक्त चित्रकार, इन्द्रबहादुर तामाङ, मोनाम छिरिङ लामा, विद्यानन्दसिंह राजवंशी, सन्तबहादुर प्रजा, बाग्लाल बुढा मगर, ओमबहादुर घर्ती मगर, जेठेन्द्र सिंह ऐतवाल (सीका), प्रेम घले, दलबहादुर गुरुङ, विजयसिंह लामा तामाङ, नर्वीन रोका मगर, विषमलाल अधिकारी दलुवार र राजकुमार श्रेष्ठ।

मधेसी

रिगला यादव, बशोधाकुमारी यादव, वीणाकुमारी साह, शर्मिलाकुमारी यादव, मन्जु महतो, अंशु सिंह, चंचिता दास, आशा यादव, चन्देश्वर मण्डल, अरविन्द साह, रामचरित्र साह, राजेश अग्रवाल, सुशीलकुमार श्रीवास्तव, चन्देश्वर यादव, अनिलकुमार सिंह, विचारीप्रसाद यादव र संचिवनन्द साह।

दलित

विष्णुमाया विक, नीता पासनी, राधिका धुञ्जेल सार्की, अन्जु नेपाली, मायादेवी पोडेली, उर्मिलादेवी पासमान, मैना अछामी, सावित्रा विमिरे, जितबहादुर दर्जी गौतम, यमबहादुर परियार, फणेहर विश्वकर्मा नेपाली, निर्मल देउजा पोडे, सोम पोर्तेल, बीमबहादुर विश्वकर्मा र जगबहादुर नेपाली।

थारु

मन्जुकुमारी चौधरी, शान्ता चौधरी, इन्छाकुमारी चौधरी, अमरादेवी चौधरी, कृपाराम राना, शिवप्रसाद चौधरी, जाँकिप्रसाद चौधरी।

मुस्लिम

साजिदा खातुन सिद्दिकी, रुही नाज, रोजीरन खातुन, मोहम्मद हारुन हलवाई, एकबाल मियाँ।

सत्यनारायणको डाक्टर सपनामा शारडाको साथ

पृष्ठ ९ बाट

भर्ना भएर फर्कँपछि सत्यनारायणका बुवाआमालाई खुसी लाग्नेभन्दा पनि चिन्ताले सताउन थाल्यो। उनीहरूको साझा चिन्ता थियो, 'अब शुल्कबाहेकको खर्च कसरी जोड्ने गर्ने ?'

यसबीच अधिपत्ता सन्तोष यादवले सामाजिक सञ्जालमा उनको दयनीय आर्थिक अवस्था झल्किने भिडियो पोस्ट गरे। त्यसपछि उनको संघर्ष, धैर्य र कठोर परिश्रमपछिको सफलताका समानाइ विभिन्न पत्रपत्रिका तथा अन्य सञ्चारमाध्यमले सार्वजनिक गरे। त्यसपछि मनकारीहरू उनको सहयोगमा जुटन थाले। प्राप्त आर्थिक सहयोगले सत्यनारायणको डाक्टर बन्ने सपना पूरा गर्न धोरबहुत बल त पुग्ने देखिएको थियो तर पर्याप्त धन पिएन।

यसैबिच जिल्ला उद्योग वाणिज्य संघ लहानका अध्यक्षसमेत रहेका व्यवसायी विकास शारडाले सत्यनारायणको कथा पढेछन्। उनले यो संवाददाताबीच सत्यनारायणलाई के सहयोग जुटाइदिए उनको सपना पूरा गर्न सहयोग पुग्ने भनेर जिज्ञासा राखे। छात्रवृत्ति त उनले आफ्ने मिहिनेतबाट पाएका छन् तर खरन, खानलगायतमा लामे खर्च जुटाउन सकिए ठूलो सहयोग हुन्छ भन्ने जानकारी पाएपछि शारडाले विचार गर्छु भनेर फोन राखे। भोलिपल्ट उनले फोन गरेर यो संवाददाताबीच भने, 'म पाँच वर्षसम्म उनलाई प्रतिमहिना १० हजार रुपैयी सहयोग गर्छु र यो सहयोग अंग्रेजी नयाँ वर्षको दिन उनेको घरमै पुगेर गर्छु।' बिहीबार शारडा र उनकी श्रीमती सीमासहित सत्यनारायणको घर पुगेर सहयोग सम्भौतापत्र हस्तान्तरण गर्दा परिवारका सबै भावुक बने। शारडा आफ्नो ४७औं जन्मदिनको अवसर पारेर सत्यनारायणको डाक्टर सपना पूरा गराउन महत्त्वपूर्ण सहयोगी बनेर उभिएका छन्। यस्तो सहयोगप्रति सत्यनारायणको परिवारले मात्र होइन, टोलबासीले समेत शारडालाई नागरिक अभिनन्दन गरी सम्मान गरेका थिए।

व्यक्तिगत रुपमा शारडाले गरेको यो सहयोग गशिले छोराको डाक्टर बन्ने सपनामा उड़ान भरिँदाएको सत्यनारायण पिता मधुरी साप्तोले सुनाए। उनी भावुक हुँदै भने, 'अहिलेको समयमा आफ्नाले त यति ठूलो धनराशि सहयोग गर्न इच्छिनछन् तर नाता-सम्बन्ध ने नभएको एउटा व्यक्तिले यति ठूलो सहयोग गर्नु मानवताको उत्कृष्ट रूप हो। अब मेरो छोराको डाक्टर बन्ने सपना साकार हुने भयो।' सोही क्रममा शारडाले मिहिनेतको बलमा आफ्नो पहिचान स्थापित गर्ने सत्यनारायणको डाक्टर सपना आर्थिक अभावले रोकिन नहुने लागेर सहयोग गरेको बताए। 'मेले श्रीमती, छोराछोर मिंग उनको कथा साझा गर्दा सबैको एक स्वर आयो- उनलाई सहयोग गर्नुपर्छ ।' त्यसपछि जन्मदिन पारेर यो सहयोग गर्न अग्रसर भएको हुँ' शारडाले खुसीको आँसु झार्दै भने, 'यतिका वर्ष मेले विभिन्न तरिकाबाट आफ्नो कमदिनको खुसी साझा गरें तर यो जन्मदिन मेरा लागि जीवनकै स्मरणीय रहनेछ ।' समाजमा विभिन्न हैसियतका मानिस रहेको बताउँदै उनले थपे, 'कसैलाई पुगेको छ, कोही अभावमा छन् । हुनेले नहुनेलाई सहयोग गरेपछि मात्र समाज सन्तुलित हुन्छ ।' आफ्नो सानो सहयोगबाट कसैको जीवनमा खुसी सञ्चार हुन्छ भने आफूलाई सौभाग्यशाली सम्झने शारडाको भनाइ थियो।

'सत्यनारायणको जीवनमा खुसीको अनुभूति गराउन पाउँदाको सन्तुष्टि मेरो जीवनमा अमिट रहनेछ' उनले भने।

शारडाले सत्यनारायणको खाताका प्रतिमहिना १० हजार रुपैयीको दरले पाँच वर्षसम्म अध्ययन प्रयोजनमा मात्र खर्च गर्ने गरी गरेको सहयोग राशि सबै जोड्दा ६ लाख रुपैयी हुन आउँछ। यसबाहेक आउँदो जिल्ला उद्योग वाणिज्य संघको निर्वाचनमा शारडाको समर्थक रहेका प्रदीप गुप्ता प्यालनका पदाधिकारीले पनि सत्यनारायणलाई २५ हजार रुपैयी सहयोग गरेका छन्। संघका वर्तमान वरिष्ठ उपाध्यक्ष शत्रुघन चौधरीले पनि २५ हजार रुपैयी सहयोग गरेका छन्। सामाजिक अभिवक्ता सन्तोष यादवका अनुसार शारडाको सहयोग सत्यनारायणको डाक्टर बन्ने सपनालाई उड़ान भरिँदाएको छ। 'उनको यो सहयोग अतुलनीय छ र यो मानवताको अनुपम उदाहरण हो,' बादवले भने।

२१ वर्षीय सत्यनारायण साप्तोले डाक्टर बन्ने सपना देखेर यसपालि एमबिबिएसको प्रवेश परीक्षाका लागि फाराम भरेका थिए। पहिलो प्रयासपै उनी धपेसी दलित आरक्षण कोटाबा पूर्ण छात्रवृत्तिमा नाम निकालन सफल भएका छन्। दलित कोटाबाट पूर्ण छात्रवृत्तिमा एमबिबिएसमा नाम निकालने अरूरू पनि छन् तर दैनिक न्यालामजदुरी गरी जीविका चलाउने परिवारबाट नाम निकालेका दुनाल उनी आकर्षण र चर्चाका पात्र बनेका हुन्। उनले दैनिक नौ घण्टा काम गरेर स्वाध्ययनका माध्यमले एमबिबिएसको तयारी गरेका थिए।

'मेरो पढाइमा आजसम्म बुवाआमाले आर्थिक हैसियतभन्दा ठूलो लगानी गर्नुभएको छ। मैले आफ्ने पनि पछिल्लो दुई वर्ष मजदुरी गरेर पसखर्च जुटाउँदै पढाइ गरिरहेको थिएँ,' सत्यनारायणले भने, 'अबका दिनमा मेरो पढाइका लागि सहयोग गर्नुहुने मनकारी महानुभावको सहयोगको इज्जत राख्नेछु । म मेहनत गरेर सफल चिकित्सक बनेर दीनदुःखीको सेवामा समर्पित हुनेछु ।' भूपडीबाट मेडिकल शिक्षाको यात्रा आरम्भ गरेका सत्यनारायण साप्तोको कड़ा मिहिनेत, दृढ इच्छाशक्ति, संघर्ष र धैर्य भूपडीमा बसने युवाहरूका लागि अनुकरणीय र प्रेरणा बन्ने विश्वास मनकारी शारडाको छ।

Puja Marbal House
Suryabinayak, Bhaktpur
PAN Number: 621494024 Contact Number 9813294105, 9843680601

MRP Price for Tiles, Marbles, Granites &Sanitory Items With Including VAT

PRODUCT	UOM	MRP (NPR)
Floor Tiles Matte 600x600	1Box	1005/-
Floor Tiles Glazed 600x600	1Box	1400/-
Floor Tiles 300x300	1Box	472/-
Floor Tiles 600x1200	1Box	1605/-
Floor Tiles 380x380	1Box	630/-
Wall Tiles 300x400	1Box	472/-
Wall Tiles 250x375	1Box	550/-
Wall Tiles 300x600	1Box	795/-
Marble	1 Sq.Mtr	1870/-
Granite	1 Sq.Mtr	2115/-

Dikom अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस छनें कम्पनीले भारतबाट DIKOM Brand का LED TV किरी बेचेको ईकाइको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) तिन बर्षदिन भएको ब्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

S.N.	Product Name	Model no.	Capacity	unit	MRP
1	DIKOM 32" SMART LED TV	THG-DKMTV32HSA	32"	1000	10,500
2	DIKOM 32" SMART LED TV	THG-DKMTV32FHA	32"	1000	10,500
3	DIKOM 43" SMART LED TV	THG-DKMTV43FHA	43"	1000	18,000
4	DIKOM 43" WEBOS LED TV	THG-DKMTV43WS	43"	1000	18,000
5	DIKOM 55"WEBOS LED TV	THG-DKMTV55WS	55"	1000	40,000
6	DIKOM 65"WEBOS LED TV	THG-DKMTV65WS	65"	1000	90,000
7	DIKOM 75" WEBOS LED TV	THG-DKMTV75WS	75"	1000	98,000

Seller Name: Thapa Business Group Pvt. Ltd. Exim Code:6003760190134NP
Address: Baneshwor, Kathmandu Tel no.: 015902689, 015902723

Note: Price List Valid for 6 months only.

दानु राना, शोभा र सन्तोषी अछामीको नाउँमा ३५ दिने सूचना

ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं १९, कुमारीपाटी स्थित किता नं. ५१५, क्षेत्रफल ०-३-२-० मा बसेको मेरो घरको पहिलो तल्लामा कोठा भाडामा बस्दै आउनु भएका त्याहिहर दानु राना, शोभा र सन्तोषी अछामीले बिगत २०८१ साल असोज देखि कोठामा ताला लगाई सम्पर्कमा नआएको र बारम्बार फोन सम्पर्क गर्दापनि सम्पर्कमा नआई बसेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पर्कमा आउनुहोला । अन्यथा कानून बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

रजनी राजकर्णिकार ल.पु.म.न.पा. वडा नं १९, कुमारीपाटी ललितपुर

वर्गीकृत विज्ञापन/डिस्प्ले

घरजग्गा

Km लौडीगाउँ नेपालबँक नजिक विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

लुभु बसपार्कबाट दक्षिण दिशामा ३ आना जग्गा तुरुन्त बिक्रीमा: ९८४१२९०३६९

गोदावरीबाट २ कि.मी. को दुरीमा जग्गा सस्तो मुल्यमा बिक्रीमा: ९८६०२९०३५, ९८४१२१५६८४

जाइरा खतनको नाममा जारी गरिएको ५१ दिने सूचना

इजाजत मिति २०८१।१०।१५ को जवाफिक टेकिक उप वडा नं. ६१ अन्तर्गत नयाँबिरामपुर स्थानी व्यवसाय भएको सानुछोरी पाउजीन सवाजको नाममा दर्ता कायम भएको बिजा नं. ११०० का कोरो भया जइरा खतनको माको कोटा एक जर्सिया भाइसा लिई कोरेन २ सकिनाबि भाइस नलिई हाल २ सोरियोबि खत्तर्फ बिलि भएको हुँदा उक्त कोटा खर्ची गरी गरे धर्म खर्चको सी प्रयुक्तिले स्वर्गलाई निकाल दिए भाडाको हेडा कालकारदी खानलगानलिका मा नेहाल नमनया सिरोकार १०७१ को दफा १७ उपदफा १ बमोजिम विभागिई यस का.उ.का.वा. १५ बटा कार्यालयमा १५ दिनभित्र उपस्थित हुन यसै सूचना जारी गर्नुपर्ने भएकोले यो सूचना विभागिका नाममा प्रकाशित गरिएको छ ।

रु. ४ बटा अध्यक्षमा, आलमु आइमारी

माइग्रेसन हरायो

मिति २०८१।०८।०८ गतेका दिन बलुवाघाट तिर गाडीमा जनिएकमा भिन्न ब्यहोरा भएको CTEVT बाट जारी गरिएको PCL in Medical Laboratory को Migration Certificate हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा भिन्न माध्यमले जानकारी दिनु गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

नाम: **बाटौली कोइराला**
ठेगाना: काठमाण्डौ- १५, काठमाण्डौ
राजस्टेसन नं.: LT-4009-12
सिकबोल नं.: 53080
सम्पर्क: 9851409016

माइग्रेसन हरायो

मिति २०८१।०८।०८ गतेका दिन बलुवाघाट तिर गाडीमा जनिएकमा भिन्न ब्यहोरा भएको CTEVT बाट जारी गरिएको PCL in Medical Laboratory को Migration Certificate हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा भिन्न माध्यमले जानकारी दिनु गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

नाम: **सागर खनाल**
ठेगाना: झेलकोटगाढी- १, नुवाकोट
राजस्टेसन नं.: LT-1444-10
सिकबोल नं.: 9906992
सम्पर्क: 9851354875, 9849756195

Ichchhakamana Rural Municipality
Office of Rural Municipal Executive
Kurintar, Chitwan
Bagmati Province

Invitation for Bid (IFB)

Ichchhakamana Rural Municipality, Chitwan invites only electronic bids for the following works under Specified Bidding procedures.

S.N.	Name of Project	Contract No./ (IFB No:)	Estimated Amount in NRs (With VAT & PS)	Bid Security NRs.	Last Date of Bid Submission	Bid Validity Period	Bid Document fee NRs.
Invitation for Bids: Date of Online Publication: 2nd January 2026 (2082/09/18)							
1	Warliyang Hapani & Mathillo Kaule Bhotegau Sadak Starunnati	NCB/IRM/10/082/83	35,07,910.68	1,08,000.00	2nd February 2026; 12:00 Hours	90 Days	3,000.00
2	Pamdada Hudai Dosghari Krishi Sadak Starunnati	SQ/IRM/01/082/83	14,61,323.28	43,500.00	18th January 2026; 12:00 Hours	45 Days	1,000.00
3	New track opening at Vanjyang Kamitar Chanaute & Bhoteshwora	SQ/IRM/02/082/83	14,60,947.58	43,500.00	18th January 2026; 12:00 Hours	45 Days	1,000.00

Eligible Bidders may obtain further information from Ichchhakamana Rural Municipality office during office hour or may visit PPMO web portal http://www.bolpatra.gov.np/egp or may visit website of **Ichchhakamana official website** (http://www.Ichchhakamananmun.gov.np).

Mobile No.: 9855050999, Email: ichchha.purbhadharsakha@gmail.com

Chief Administrative Officer